- **प्यानल छलफल तथा समापन कार्यक्रम सम्पन्न**

(२०८२ असोज ०९ गते):

मिति २०८२ भदौ १९ गते बाट यस केन्द्रमा संचालन भएको १६ कार्यदिन अवधिको महिला तथा बालबालिकासंग सम्बन्धित अपराध अनुसन्धान (प्र.ज. देखि प्र.व.ह.) तालिम १५ औं समूहको मिति २०८२ असोज ०९ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, मोरङ जिल्ला अदालतका शाखा अधिकृत राम खेलौन मेहताज्यू, जिल्ला प्रहरी कार्यालय मोरङका अनुसन्धान अधिकृत प्रहरी नायव उपरीक्षक कोपिला चुँडालज्यू, समेतको उपस्थितिमा महिला तथा बालबालिका बिरूद्दका मुद्दाहरूमा सरोकारवाला निकायहरूको भुमिका विषयमा प्यानल छलफल कार्यक्रम सम्पन्न भयो। प्यानल छलफल पश्चात् यस केन्द्रका समादेशकज्यूको प्रमुख आतिथ्यतामा उक्त तालिमको समापन कार्यक्रम सम्पन्न भयो। समापन समारोहमा प्रमुख अतिथिज्यूले दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो।



- **"७० औं प्रहरी दिवस २०८२" को अवसरमा आयोजित सरसफाई कार्यक्रम सम्पन्न**

(२०८२ असोज २९ गते):

मिति २०८२/०६/२९ गते बुधबार "७० औं प्रहरी दिवस २०८२" को अवसरमा आयोजित सरसफाई कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरका समादेशक प्र.व.उ. गोविन्द अधिकारीज्यूको नेतृत्वमा "नागरीक प्रहरी सहकार्य; सुरक्षाको लागी अपरिहार्य" भन्ने मुल नाराका साथ उक्त कार्यक्रम विराटनगर महानगरपालिका वडा नं. १२ स्थित झमेली चोक देखी ऐ वडा नं. १६ स्थित किरातेश्वर शिवालय मन्दिर लगायत सडकको आसपासको क्षेत्रमा बृहत सरसफाई गरी सम्पन्न भएको थियो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका सह-समादेशक प्र.ना.उ. गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बुज्यू साथै कोशी प्रदेश प्रहरी कार्यलय, कोशी प्रदेश प्रहरी तालिम केन्द्र र कोशी प्रदेश प्रहरी गणका जुनियर प्रहरी अधिकृतज्यूहरु तथा अन्य प्रहरी कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।



- **७० औं प्रहरी दिवसको उपलक्ष्यमा मैत्रीपूर्ण क्रिकेट खेल सम्पन्न**

(२०८२ असोज ३० गते):

७० औं प्रहरी दिवस २०८२, को पावन अवसरमा कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरको खेल मैदानमा मैत्रीपूर्ण क्रिकेट खेल सम्पन्न भयो।

प्रहरी परिवारभित्रको आत्मीयतालाई अझ प्रगाढ बनाउन आयोजित उक्त खेलमा जिल्ला प्रहरी कार्यालय मोरङको टिम र कोशी प्रदेश प्रहरी कार्यालय, तालीम केन्द्र एवं गणका खेलाडीहरू समावेश भएको संयुक्त टिम बिच रमाइलो खेल भएको थियो। खेल अवधिभर दुवै टिमले उच्च खेल कौशल प्रदर्शन गरे, जसले मैदानमा उत्साहको वातावरण सिर्जना गरेको थियो।

प्रतियोगितालाई अझ गरिमामय बनाउन कोशी प्रदेश प्रहरी गणका गण प्रमुख प्रहरी उपरीक्षक रुकेश तण्डुकार ज्यू, प्रनाउ ज्यूहरु, प्रहरी निरीक्षकहरु तथा अन्य कर्मचारीहरूको उत्साहित र सक्रिय उपस्थिति रहेको थियो।



- **शुभ जन्मोत्सवको शुभकामना आदान प्रदान तथा साँस्कृतिक कार्यक्रम सम्पन्नः**

(२०८२ असोज ३० गते):

यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा भदौ र असोज महिनामा जन्म दिन पर्ने यस केन्द्रमा कार्यरत प्रहरी कर्मचारी तथा प्रशिक्षार्थीहरूको सामूहिक रुपमा जन्मोत्सवको शुभकामना आदान प्रदान तथा अतिरिक्त क्रियाकलाप अन्तर्गत सांस्कृतिक कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायतका प्रहरी कर्मचारीहरु र यस केन्द्रमा प्रशिक्षणरत प्रहरी जवान आधारभुत तालिम ४-१४१ औ समुहका प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।

